# गरिबी निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रमको बर्षिक प्रगति प्रतिवेदन (आ.व.२०८१।८२)

**१.परिचय** : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम  मेड मोडेल लाई आधारित मानि कार्यक्रम कार्यान्यवय गर्ने ।




**२.लक्ष्य र उद्देश्य** :कार्यक्रमको उदेश्य गरिबीको रेखामुनि रहेका,महिला,दलित,जनजाति,मुस्लिम,थारु,सिमान्तकृत,पिछडा वर्ग,अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अति गरिब महिला षुरुष आदि यस कार्यक्रमको लक्षित वर्गका रुपमा लिएको छ भने यस कार्यक्रम मार्फत सिप तालिम प्रदान गरी उद्यमीहरुको आर्यआर्जनमा बृद्धि गराउनु सक्नुनै यसको मुख्य लक्ष्य र उद्देश्य रहेको छ ।

**३.कार्यक्रम आयोजनाको विवरण :**

| क.स | कार्यक्रम/परियोजना | लक्ष्य | खर्च रु. | सम्पन्न काम | लाभान्वित |
|---|---|---|---|---|---|
| १. | फाईबर झोला प्रिन्ट तथा भेष्ट छपाई तालिम वडा न.१मा | १७ जना | १,३४,९००। | १०दिन | १०जना |
| २. | सालको पातको दुना ,टपरी, प्लेट बनाउने सीप तालिम वडा न.१०मा | १८जना | ६८,०००। | ७ दिन | १५ जना समुहको र ५ जान समुह बाहेक |
| ३. | व्यवस्थित सुधारीएको बाखाको खोर निर्माण वडा न.८मा | १७ जना | २,०८,३८०। | ७ दिने | १५ जना |
| ४. | मौसमी तथा बेमौसमी टनेल,मल्चिङ्ग हरियो तरकारी खेती सिप तालिम वडा १२ मा | २६ जना | १,७५,७८५। | ७ दिन | २५ जना |
| ५. | वडा ९मा गठित समुह लाई प्रविधिका लागि सहजिकरण वडा न.९मा | ३०जना | १,००,०००। वडाको बजेट | | १६जना |
| | जम्मा बजेट | | ५,८७,०६५। | | ६५जना |

**४.उपलब्धीहरु** :विभिन्न वडाका महिला दिदी बहिनीहरुलाई फरक फरक सिप तालिम मा सक्षम बनाउने प्रयत्न गराईयो ।

**५.समस्या र चुनौती :**

१.एक आर्थिक बर्षमा एउटा वडा बाट २०-२५ जना मात्र लिनु पर्ने हुदा सबैलाई समावेश गराउन नसकिने ।

२. बजेट कम भएको हुदा लामो अवधीको तालिम चलाउन नसक्ने हुदा दक्ष उद्यमी बनाउन धेरै समय लिनु पर्ने ।

३.पुराना समुहमा फलोअप तथा हरेक महिनामा बचत बैठकमा जानुपर्ने समुह गठन गर्न र उद्यमशिलता सिप तालिम संचालन गर्न र दर्ता नविकरणका लागि अभिमुखिकरणमा जानुपर्ने भएकोले सबै स्थानमा सहजरुपमा सवारी साधनको उपलब्ध नहुदा समयमा पुग्न नसक्ने ।

**६.आगामी योजना/सुझावहरु :**

१.(MEDPA) कार्यक्रम संचालन नभएका वडामा नयाँ उद्यमी सृजना गर्ने ।

२.सिप लिएका नयाँ तथा पुराना दक्ष समुहलाई दर्ता अनिवार्य गर्न लगाउने ।

३.छोटो अवधिको सिप प्राप्त उद्यमीहरुलाई थप एडभान्स (स्तरोन्उनती) तालिम प्रदान गरि सक्षम बनाउने ।

४बजारीकरण र व्यवसाय प्रवर्धनमा जोड दिने ।

५.प्रर्दशनी मेला आयोजना गरी उद्यमी द्धारा उत्पादित सामाग्रीहरुको प्रर्दशनी मार्फत प्रचार प्रसार गरी थप उत्पादित सामाग्रीहरुको उत्पादनमा बृद्धिगरी आम्दानी बढाउने ।

**७. निष्कर्श :** समग्रमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम नतिजामुखी रहेको पाईन्छ तर कार्यक्रमलाई थप सल्लाह ,सुझाव र अनुगमनमा जोड दिनुपर्ने देखिन्छ।

धन्यवाद ॥

उद्यमविकास शाखा